# पदाधिकारी तथाकर्मचारीहरुको सेवा सूविधा सम्बन्धिमापदण्ड, २०७४

**प्रस्तावना** :नगरपालिकाको दैनिककामकाजगर्ने गरी नगरपालिकाकार्यालय वा वडा कार्यालयमा खटिने वा खटाईने पदाधिकारीहरु एवं. साविकमा स्थानीयनिकायमाविभिन्न सेवाशर्तमा करार, ज्यालादारीमाकार्यरत कर्मचारीहरुको सेवा सुविधानिर्धारण गर्न वाञ्छनिय भएकोले,
नेपालको संविधान, २०७२ को धारा २२७अनुसार प्रदेश कानून बनेमा सोहीबमोजिमहुने गरी सो कानून नबनेसम्मको लागि आठविसकोट नगरसभाबाट पारित गरी यो मापदण्ड बनाईएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भः** (१) यस मापदण्डको नाम " आठविसकोट नगरपालिकाकापदाधिकारी तथाकर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड सभाबाट पारित भएको मितिदेखिलागूहुनेछ।

२. **परिभाषा**:विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,

(क) "पदाधिकारी" भन्नाले नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, नगर कार्यपालिका सदस्य र वडा सदस्यलाई जनाउँदछ।

(ख) "नगरपालिका"भन्नाले आठविसकोट नगरपालिकालाई जनाउँदछ।

(ग) "नगरपालिकाकार्यालय"भन्नाले आठविसकोट नगरपालिकाकार्यालयलाई जनाउँदछ।

(घ) "वडा कार्यालय"भन्नाले आठविसकोट नगरपालिकाअन्तर्गतका वडा कार्यालयलाई जनाउँदछ।

(ङ) "साविकका स्थानीयनिकाय"भन्नाले साविकका आठविसकोट, स्यालाखदी, गोतामकोट, आठविसडाडाँगाउँ र घेत्मागा.वि.स.लाई जनाउँदछ।

(च) "नगरसभा"भन्नाले आठविसकोट नगरसभालाई जनाउँदछ।

(छ) "कार्यपालिका"भन्नाले आठविसकोट नगर कार्यपालिकालाई जनाउँदछ।

## परिच्छेद- २
## सेवा सुविधा

३. **पदाधिकारीहरुको सेवा सुविधा** : (१) दैनिक रुपमानगरपालिकाको कामकाजगर्ने गरी नगरपालिकाकार्यालय वा वडा कार्यालयवाअन्यत्र खटिने वा खटाईने पदाधिकारीलाई प्रतिदिन रू. ७००/-(सात सय) का दरले एकमुष्ठ सुविधाउपलब्ध गराईनेछ।

तर सार्वजनिकविदाको दिन र आफ्नो व्यक्तिगतकामको लागि खटिएका पदाधिकारीहरुलाई यस्तो सुविधाउपलब्ध गराईने छैन्।

(२) यो सुविधाप्राप्तगर्ने पदाधिकारीले वडा कार्यालय तथानगरपालिकाकार्यालयमा दैनिक रुपमाकामकाजगर्ने गरी खटिनेको हकमा सार्वजनिकविदावाहेक दैनिक रुपमाहाजिरी भएको विवरण र नगरपालिकावा वडा कार्यालय बाहेक अन्यत्र खटाईएमा सो को लिखित प्रमाण र कार्य प्रगति पेश गर्नु पर्नेछ।

(३) नगर प्रमुखको सल्लाहकारको रुपमा खटिने सल्लाहकार र न्यायिक समितिमाकानूनी परामर्शदाताको रुपमा खटिने सल्लाहकार र कानूनी परामर्शदातालाई काम गरेको अवधिको प्रतिदिन रू. ७००/- का दरले एकमुष्ठ सुविधाउपलब्ध गराईनेछ

(२) नगरसभा, नगर कार्यपालिका र वडा समितिको बैठक बसेको बैठक भत्ता देहायबमोजिमहुनेछ :-

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

| क्र.स. | विवरण | दर (प्रति बैठक) | कैफियत |
|---|---|---|---|
| १. | नगरसभाको बैठक | रू. १०००/- | नगरसभा बैठक संचालन सम्बन्धीकार्यविधि, २०७४ अनुसार बैठक बस्ने । |
| २. | नगर कार्यपालिकाको बैठक | रू. १०००/- | नगर कार्यपालिकाको नियमित बैठकमा भत्ताउपलब्ध गराईने छैन् । |
| ३. | वडा समितिको बैठक | रू. १०००/- | महिनामा बढिमा तीन पटक मात्र । |

(३) नगरसभा र नगर कार्यपालिकाको बैठकमा उपस्थितनगरसभा र नगर कार्यपालिकाका सदस्यहरुले वडा नं. १, २ र ३ को हकमा रू. १०००/-, वडा नं. ४, ५ र ६ को हकमा रू. ७००/-, वडा नं. १३ र १४ को हकमा रू. ५००/- यातायातखर्च वापत एकमुष्ठ रकमउपलब्ध गराईनेछ ।

(४) यो भन्दा अघि बसेको बैठकको बैठक भत्ता यसै बमोजिमप्राप्त गरेको मानिनेछ ।

(५) बैठक व्यवस्थापनको लागि खटिने कर्मचारी, कार्यालय सहयोगी समेतले यस्तो भत्ताप्राप्त गर्ने छन् ।

**४. कर्मचारीको दैनिक भ्रमण भत्ता सम्बन्धीव्यवस्था :-**(१) नगरपालिकाको कार्यालयबाट छ कोष वा सो भन्दा बढिको दूरीमाकुनै कर्मचारीतथापदाधिकारीहरुलाई नगरपालिकाको कामको लागि खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ । बजार अनुगमन, आयोजना अनुगमन, विद्यालयहरुको अनुगमन, आयोजना सर्वेक्षण, डिजाइन लगायतको नगरपालिकाको काममा खटाईने/खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च नियमावलीअनुसार अनुगमनतथा मूल्यांकण खर्च दिईनेछ । छ कोष भन्दाकम दूरीमाबजार अनुगमन र विद्यालयको अनुगमनमा खटिने कर्मचारीलाई देहायबमोजिमखाजाखर्च वापतको रकमउपलब्ध गराईने छ :-

| क्र.स. | पद | दर (प्रतिदिन) | कैफियत |
|---|---|---|---|
| १. | राजपत्रांकीतवा सो सरह | रू. ६००/- | |
| २. | रा.प.अनं. वा सो सरह | रू. ४००/- | |
| ३. | सुरक्षाकर्मी | रू. १५०/- | |
| ४. | का.स./श्रेणीविहिन | रू. १५०/- | |

(२) कुनै कर्मचारीलाई कार्यालय समय वाहेकको समय वानिजले कामगर्ने समय वाहेकको अवधिमापनि खटाईएमा थपअतिरिक्त समय वापतको रकम एकमुष्ठ रु. ७५/- (पचहत्तर रुपैयाँ) प्रतिदिनउपलब्ध गराईनेछ । दशैं र तिहार विदामाअतिरिक्त समयमा खटिने कर्मचारीलाई एकमुष्ठ रू. २५०/-(दुई सय पचास रुपैयाँ)

**५. अस्थायी, करार र ज्यालादारीमाकार्यरत कर्मचारी सम्बन्धीव्यवस्था :-**(१) कार्यसम्पादन स्तर उच्चभएकाकर्मचारीको हकमाप्रचलिततलब स्केलमाकामकाजगर्ने गरी श्रावण १ गतेदेखि लागू हुने गरी करार सम्झौताथपवानवीकरण गर्ने ।

(२) अर्को व्यवस्थाभएमा सोहीबमोजिमहुने गरी कार्यसम्पादन स्तर सन्तोषजनकभएकाकर्मचारीको हकमाप्रचलिततलब स्केलको ७५% तलब स्केलमाकामकाजगर्ने गरी श्रावण १ देखि लागू हुने गरी करार सम्झौताथपवानवीकरण गर्ने ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(३) कार्यसम्पादन स्तर सन्तोषजनकनभएकाकर्मचारीहरुको हकमानिजहरुको करार सम्झौताथपवानवीकरण नगर्ने ।

तर खण्ड (क) र (ख) माउल्लेखितकर्मचारीहरुले चाडपर्व खर्च र पोशाकभत्तावाहेक स्थानीयभत्ता, महंगीभत्तावापतको रकमप्राप्तगर्ने छैनन् ।

(४) खण्ड (क) र (ख) माउल्लेखितकर्मचारीहरुलाई कार्यालयको काममाकुनै स्थानमा खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसारको भ्रमण खर्च उपलब्ध गराईनेछ ।

(५) वडा कार्यालय एवं नगरपालिकाकार्यालयमा स्वीकृत दरवन्दीअनुसार रिक्त रहेका प्राविधिक पद, प्रशासन सहायक, राजश्व सहायक, कार्यालय सहयोगीलगायतकापदमाअर्को व्यवस्थाभएमावा स्थायीकर्मचारी खटाईएमा सोहीबमोजिमहुने गरी नगर कार्यपालिकाले निश्चित मापदण्ड बनाई सोही मापदण्डको आधारमाप्रतिष्पर्धाबाट आवश्यककर्मचारीको व्यवस्थागरिनेछ । तीपदमानियुक्तहुने कर्मचारीको सेवा सुविधातोके बमोजिमहुनेछ ।

७. कार्यरत स्थलबाट ६ कोष वा सो भन्दा बढिको दूरीमानगरपालिकाको काममा खटिने पदाधिकारीहरुले भ्रमण खर्च नियमावली, २०६४ माभएकाप्रावधानहरुको आधारमाहुने गरी देहायबमोजिम दैनिकभत्ताप्राप्तगर्नेछन्

(क) नगर उपप्रमुख -रू. १,५००/- प्रतिदिन

(ख) वडा अध्यक्ष/नगर कार्यपालिका सदस्य - रू. १,२००/- प्रतिदिन

(ग) वडा सदस्य- रू. १,०००/- प्रतिदिन

यसरी खटिएका पदाधिकारीहरुले खण्ड (३) को उपखण्ड (१) बमोजिमको सुविधाप्राप्तगर्ने छैनन् ।

**६. यसै बमोजिमभएको मानिने :-** (१) यो मापदण्ड बन्नुभन्दा अघि प्रदानगरिएको बैठक भत्ता यसै बमोजिमदिएको मानिनेछ ।

| | |
|---|---|
| **नगरकार्यपालिकाबाट स्वीकृती** | **प्रमाणिकरण मिति** |
| **मिति:** २०७४/०५/३१ | २०७४/०४/०४ |

आठबिसकोट नगरपालिका, रूकुम(पश्चिम)